नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि प्ररियोजना (दोस्रो)
(Enhanced Vocational Education and Training Project -II)
बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं
च.नं.

मिति: २०७७/१०/१४

श्री गुणस्तर सुधार अनुदान (QIG) प्राप्त सम्पूर्ण प्राविधिक विद्यालय/शिक्षालयहरु ।

**विषय: कार्यशाला गोष्ठी सम्बन्धी सूचना ।**

यस परियोजनाबाट गुणस्तर सुधार अनुदान प्राप्त गरेका प्राविधिक विद्यालय/शिक्षालयहरुको कार्य सम्पादन सूचकहरुको प्रगति विवरण प्रविष्ठी कार्यशाला गोष्ठी (Performance Indicator Entry Workshop) निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित प्राविधिक विद्यालय/शिक्षालयहरुले हालसम्म गरेको प्रगति (१८ वटा सूचकहरुको भौतिक प्रगति) विवरण खुल्ने गरी सूचनामा तोके बमोजिमका कागजातहरु र ल्यापटप सहित कम्प्युटर सम्बन्धी काम गर्नसक्ने एकजना कर्मचारी अनिवार्यरुपमा उपस्थित गराईदिनहुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार अनुरोध छ ।

**मिति:** २०७७/१०/१९ र २० गते
प्रदेश नं १, २ र बागमती प्रदेशका प्राविधिक शिक्षालय/विद्यालयहरु
**मिति:** २०७७/१०/२१ र २०७७/१०/२२ गते
गण्डकी, प्रदेश नं ५, कर्णाली र सुदुरपश्चिम प्रदेशका प्राविधिक शिक्षालय/विद्यालयहरु
**समय:** बिहान १० बजे
**स्थान:** अल्फा हाउस, नयाँ बानेश्वर, काठमाडौं ।

**थप जानकारीको लागि:**
फोन नं ०१४७८६४११/३११

अष्ट लामा
शाखा अधिकृत

## गोष्ठीमा पेश गर्नुपर्ने कागजातहरु

| क्र.सं. | कार्य सम्पादन सुचकहरु | गोष्ठीमा अनिवार्यरुपमा ल्याउनु पर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|
| **Criterion 1 : Governance Leadership and Management** | | | |
| १ | पछिल्लो ब्याचको ६० % प्रशिक्षार्थीलाई लाभान्वित हुने गरी उद्योग वा रोजगारदाता-संग भएको सम्झौता (कम्तिमा ४ वटा) | उद्योग वा रोजगारदातासँग भएको ४ वटा गत वर्ष परियोजनामा बुझाएका सम्झौता पत्रहरुको कार्यान्वयन निर्देशिका , सो को सन्तोषजनक प्रगति प्रतिवेदन र प्रतिवेदनको आधारमा तय गरेका चारवटा निर्णयहरु | |
| २ | TITI बाट संचालित Leadership र Occupation Training प्राप्त प्रशिक्षकको संख्या | प्राविधिक विद्यालय/शिक्षालयहरुमा Leadership र Occupation Training प्राप्त प्रशिक्षक छ भने निजहरुको प्रमाणपत्रको प्रति (परियोजनामा गत वर्ष नै बुझाइसकेको प्रमाणपत्रलाइ गणना गरिने छैन ) | |
| ३ | नयाँ कार्यक्रम | CTEVT बाट सम्बन्धन प्राप्त गरी हालसम्म संचालनमा रहेका बाहेक नयाँ कार्यक्रमको सम्बन्धन लिएको भए सो प पत्रको प्रमाणित प्रतिलिपी | |
| **Criterion 2: Enrolment and Induction** | | | |
| ४ | सिट उपयोग | पछिल्लो ब्याचको मार्कलेजर | |
| **Criterion 3: Quality of TVET Education** | | | |
| ५ | सम्बन्धित विषयमा औधोगिक अनुभव भएको प्रशिक्षक | सम्बन्धित निकायबाट अनुभव प्राप्त पत्रको प्रमाणित प्रति ( EVENT Project II संग सम्झौता भएपश्चातको पत्रलाई मात्र मान्यता दिइने छ र परियोजनामा गत वर्ष नै बुझाइसकेको प्रमाणपत्रलाइ मान्यता दिने छैन )। | |
| ६ | सम्बन्धित प्रशिक्षार्थी, शिक्षक, अभिभावक र रोजगारदाताको गुनासो व्यवस्थापन प्रणाली | गुनासो व्यवस्थापन प्रणालीको प्रमाणित कागजात , कार्यान्वयन निर्देशिका , सो को सन्तोषजनक प्रगति प्रतिवेदन र प्रतिवेदनको आधारमा तय गरेका चारवटा निर्णयहरु | |
| **Criterion 4 : Teaching and Learning** | | | |
| ७ | बजारको माग बमोजिम हाल आवश्यकता रहेको नयाँ पाठ्यक्रम निर्माण र सोको प्रति (CTEVT को पाठ्यक्रम महाशाखामा पेश गर्ने ) | बजारको माग बमोजिम हालसम्म CTEVT मा नभएको पाठ्यक्रम निर्माण गरी CTEVT को पाठ्यक्रमका महाशाखामा पेश गरेको प्रति | |
| ८ | शिक्षण सिकाई प्रकृयालाई प्रभावकारी बनाउन कार्यशाला गोष्ठी संचालन गर्ने ( कम्तिमा ४ वटा) | कार्यशाला गोष्ठी संचालन गरेको कम्तिमा ४ वटा प्रतिवेदन | |
| ९ | ICT तालिम प्राप्त प्रशिक्षकको संख्या | सम्बन्धित निकायबाट ICT तालिम प्राप्त प्रमाणपत्रको प्रमाणित प्रति ( EVENT Project- II संग सम्झौता भएपश्चातको पत्रलाई मात्र मान्यता दिइनेछ र परियोजनामा गत वर्ष नै बुझाइसकेको प्रमाणपत्रलाइ मान्यता दिने छैन ) | |
| १० | शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनाउन ICT प्रयोग गरी कक्षा संचालन गरेको (कम्तिमा चार वटा) | शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनाउन ICT प्रयोग गरी कक्षा संचालन गरेको भिडियो क्लिपहरु | |
| **Criterion 5 : Student Support and Guidance** | | | |
| ११ | औधोगिक प्रशिक्षणमा आधारित तालिम संचालन गरेको प्रमाणित प्रति | तालिम संचालनका लागि समझदारी पत्रको फोटोकपी | |
| १२ | समूहमा कम्तिमा पनि २ वटा प्रशिक्षार्थीको प्रोजेक्ट कार्य संचालन | प्रशिक्षार्थीले तयार पारेको प्रोजेक्ट कार्यको प्रमाणित प्रति | |
| **Criterion 6: Progression and Success** | | | |
| १३ | Tracer study प्रतिवेदन | Latest graduates को Tracer study प्रतिवेदन | |
| १४ | हालको रोजगारी प्रतिशत | रोजगारी प्रतिशत पुष्ट्याई हुने रोजगारदाता उद्योगीहरु संगको समझदारी पत्र वा सम्झौता पत्रको प्रमाणित प्रति ( EVENT Project II संग सम्झौता भएपश्चातको पत्रलाई मात्र मान्यता दिइने छ र परियोजनामा गत वर्ष नै बुझाइसकेको समझदारी पत्रलाई मान्यता दिने छैन ) | |
| १५ | हालको पास प्रतिशत | पछिल्लो ब्याचको मार्कलेजर | |
| १६ | हालको छात्राको पास प्रतिशत | पछिल्लो ब्याचको मार्कलेजर | |
| १७ | हालको दलित पास प्रतिशत | पछिल्लो ब्याचको मार्कलेजर | |
| **Criterion 7: Sustainability** | | | |
| १८ | आन्तरिक सूचना व्यवस्थापन प्रणाली स्थापना | सूचना अधिकारीको व्यवस्था सहित सूचना सम्बन्धी अभिलेखजन्य प्रमाणित कागजातहरु, कार्यान्वयन निर्देशिका , सो को सन्तोषजनक प्रगति प्रतिवेदन र प्रतिवेदनको आधारमा तय गरेका चारवटा निर्णयहरु | |

नोट:गोष्ठीमा माथि उल्लेखित विवरण सहितका कागजातहरु अनिवार्यरुपमा ल्याउनु पर्ने छ। कागजातहरु पेश नगरेमा अनुदान रकम हर हिसाव (Calculation) गरिने छैन। यसर्थ अनिवार्य आवश्यक कागजातका साथ उपस्थित हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।